नेपाल सरकार
कृषि तथा पशुपन्छी विकास मन्त्रालय
**पशु सेवा विभाग**

☎५२५४७८५२५४७९
५२२०५६५२१६१०
फ़्याक्स: ५५४२९१५
Email:dls@ntc.net.np
हरिहरभवन,ललितपुर
नेपाल

नेपाल सरकार
कृषि तथा पशुपन्छी विकास मन्त्रालय
पशु सेवा विभाग
हरिहरभवन, ललितपुर

प.सं.:०७७/०७८
च.नं.

मिति २०७७।७।३

### बडा दशैं, तिहार, लक्षित पशुपन्छी तथा पशुपन्छीजन्य उत्पादन बजार अनुगमन कार्ययोजना

दशैं, तिहार नेपालको महत्वपुर्ण चार्डपर्वहरुमा पशुपन्छी तथा माछाको विभिन्न परिकारलाइ विशेष महत्त्वको रुपमा खाने चलन भएकाले यो समयमा विशेष गरी पशुपन्छी, पशुपन्छी जन्य उत्पादनको माग अत्यधिक रहन्छ। आम उपभोक्ताहरुलाई स्वच्छ, स्वस्थ्य एवं गुणस्तरिय पशुपन्छी, पशुपन्छीजन्य उत्पादनहरुको उपलब्धता सुनिश्चित गर्न पशुपन्छी, बजार अनुगमन तथा गुणस्तर नियमन गर्न बजारमा भित्रिएका तथा विक्रि वितरणको लागि राखिएका पशुपन्छीको स्वास्थ्य अवस्थाको चेकजाँच, आवश्यकता अनुसार नमूना संकलन, रोग निदान र उपचारमा सहयोग गर्न यो कार्ययोजना तयार गरिएको छ ।

**पशुपन्छी तथा पशुपन्छीजन्य उत्पादन आपूर्ति अवस्था**

काठमाण्डौमा दैनिक बध हुने राँगा भैसीको संख्या १०० रहेको छ भने दशै तिहारमा यो संख्या १५० रहने गरेको छ । त्यस्तै खसीबोकाको हकमा यो संख्या १०००-१२०० रहेको छ । काठमाण्डौ उपत्यकामा दैनिक कुखुराको मासुको माग ३०० मे.ट रहेको र दशैमा भन्दा तिहारमा बढी खपत हुने देखिन्छ । नेपालमा दैनिक २६ लाख गोटा कुखुराको अण्डा खपत हुने गरेको छ । वंगुरको मासुको हकमा दशै तिहारमा ६-७ मे.ट दैनिक खपत हुने गरेको छ । खाद्य व्यवस्था तथा व्यापार कम्पनी लिमिटेडले चाडपर्व लक्षित गरी १५०० खसी बोका काठमाण्डौं उपत्यकाका लागि ल्याउने योजना रहेको छ । साथै कोभिड १९ को संक्रमणको कारणले गर्दा चाडवाड लक्षित आपूर्ति व्यवस्थापन तथा अनुगमनमा संलग्न सवै सरोकार निकायहरुले कार्यक्रम संचालन गर्दा विशेष स्वास्थ्य मापदण्ड अनिवार्य रुपमा पालना गर्नुपर्ने आवश्यकता रहेको छ ।

डा. बंशी शर्मा
महानिर्देशक

नेपाल सरकार
कृषि तथा पशुपन्छी विकास मन्त्रालय
पशु सेवा विभाग

☎५२५४७८५२५४७९
५२२०५६५२१६१०
फ्याक्सः ५५४२९१५
Email:dls@ntc.net.np
हरिहरभवन,ललितपुर
नेपाल

प.सं.:०७७/०७८
च.नं.

नेपाल सरकार
कृषि तथा पशुपन्छी विकास मन्त्रालय
पशु सेवा विभाग
हरिहरभवन, ललितपुर

## चाडपर्व लक्षित पशुपन्छी तथा पशुपन्छी जन्य उत्पादन आपूर्ति, बजार अनुगमन कार्ययोजना

चाडपर्व लक्षित पशुपन्छी, पशुपन्छी जन्य उत्पादन आपूर्ति, बजार अनुगमनका लागि ३८ जना जनशक्ति परिचालन गरिने छ जसमा ४ जना बरिष्ठ पशु चिकित्सक एव बरिष्ठ अधिकृत रहने छन भने २० जना पशु चिकित्सक १४ जना प्राविधिक जनशक्ति रहनेछन् ।

### १ आपूर्ति व्यवस्थापन

हेफर इन्टरनेशनल नेपालले दशै तिहार लक्षित गरी काठमाण्डौं उपत्यकामा ४६४७४ खसि बोका आपूर्तिको कार्ययोजना तयार गरेको छ । विभिन्न जिल्लामा रहेका समूहवाट विशेष गरी अर्घाखाँचीबाट ३८२९, बाँकेबाट २३३६, वर्दियाबाट१९३०, चितवनबाट ४६००, दाङ्बाट २१००, धादिङ्बाट ६१९५, कपिलवस्तुबाट ६००, नवलपरासीबाट ५८११, महोत्तरींबाट ३६०, नुवाकोटबाट २५८०, पाल्पाबाट २४८०, प्युठानबाट २१५०, रौतहटबाट ४९५०, रुपन्देहीबाट ६००, सर्लाहीबाट १३८०, सिन्धुलीबाट ७८०, सुर्खेतबाट ३७९३ गरी जम्मा ४६४७४ खसीबोकाको काठमाण्डौं उपत्यकामा आपूर्ति हुने जानकारी प्राप्त भएको छ भने नेपाल व्यवसायिक वाख्रापालक महासंघले ४६००० खसीबोका आपूर्ति गर्न दशैवजारका लागि काठमाण्डौंमा प्रदेश नं १, २, ३, ५, ६, ७ बाट क्रमश: १०,०००, ५०००,१२,०००, ५०००, ७०००, ७००० गरी कुल ४६,००० खसीबोकाको आपूर्ति हुने र उक्त खसी वोका काठमाण्डौं उपत्यकाका कोटेश्वर, गोंगवु र सल्लाघारी स्थानवाट विक्रि वितरण गर्ने कार्ययोजना रहेको छ ।

### २ पशु स्वास्थ्य परिक्षण

मिति २०७७/०७/३ देखि २०७७/७/९ सम्म कलंकी खसी बजार र वल्खु माछा बजार, चाल्नाखेल राँगा बजार, टुकुचा खसी बजार र खाद्य संस्थान, लोकन्थली खसीबजार, सल्लाघरी खसी बजार, वालाजु वाइपास नाका, नाकामा होल्डिङ्ग तथा संकलन भएका पशुपन्छीको स्वास्थ्य परिक्षण कार्यक्रम गरिने छ । राँगाभैसी, खसीबोका नाका र वजारमा पशुस्वास्थ्य कर्मी उपलव्ध गराई क्लिनिकल परिक्षण सेवा उपलव्ध गराउने, स्वस्थ पशुलाई हरियो रंग र रोगी पशुलाई रातो रंगले संकेत गर्ने व्यवस्था मिलाउने, रोगी पशुको उपचारको व्यवस्था गर्ने, आवश्यकता अनुसार रोग निदानका लागि नमुना संकलन गर्ने । पशु स्वास्थ्य तथा पशुसेवा ऐन २०५५ तथा नियमावली २०५६ तथा पशु

नेपाल सरकार
कृषि तथा पशुपन्छी विकास मन्त्रालय
पशु सेवा विभाग

☎५२५४७८५२५४७९
५२२०५६५२१६१०
फ्याक्स: ५५४२९१५
Email:dls@ntc.net.np
हरिहरभवन,ललितपुर
नेपाल

प.सं.:०७७/०७८
च.नं.

ढुवानी मापदण्ड २०६४ बमोजिम उपत्यका लगायत प्रमुख शहर बजारमा आपूर्ति हुने पशुवस्तुको स्वास्थ्य परीक्षण, गाडीमा आएको पशुपन्छीहरुको पशुपन्छी, माछा ढुवानी तथा पशु कल्याणका मापदण्ड पुरा गरे नगरेको चेकजाँच गर्ने, बजारमा पशुजन्य तथा मत्स्यजन्य उत्पादनहरुको गुणस्तर नियमनका लागि नमुना संकलन तथा परीक्षण, बजारमा आपूर्तिका लागि ल्याइएका पशुवस्तुहरुमा रोग तथा संक्रमणको निगरानी तथा क्वारेन्टाइनको व्यवस्थापन, मुख्य नाका तथा बजार, स्थानहरुमा पशुपन्छी, माछा, पशुजन्य मत्स्यजन्य पदार्थहरुको तथ्याङ्क संकलन तथा रिपोर्टिङ्ग गर्ने र केन्द्रिय पशुपन्छी रोग अन्वेषण प्रयोगशाला (जनस्वास्थ्य शाखा) अन्तर्गत काठमाण्डौ उपत्यकामा ५०-६० वटा मासु पसल अनुगमन गर्ने र नियमित तथ्यांक/सूचनाको आदानप्रदान गर्ने कार्यक्रम रहेको छ।

नमूना संकलन तथा परिक्षण

केन्द्रिय पशुपन्छी रोग अन्वेषण प्रयोगशाला र केन्द्रिय मत्स्य प्रवर्द्धन तथा संरक्षण केन्द्रको संयोजनमा दशै तिहार पर्व लक्षित बजार अनुगमनमा प्राप्त पशुपन्छी, पशुपन्छी तथा मत्स्यजन्य उत्पादनहरु तथा माछा पसलमा बिक्रिको लागि राखिएका माछाको नमूनाहरुलाई आवश्यकता अनुसार परिक्षण गरी रोग निदान गर्ने कार्यक्रम रहेको छ ।

४ अस्थाइ पशु क्वारेंटाइनको व्यवस्था

पशु सेवा विभाग, महानगरपालिका, नगरपालिका, तथा सुरक्षा निकायको समन्वय सहकार्यमा मिति २०७७/०७/१ देखि २०७७/७/९ सम्म दक्षिणकाली नाका, वालाजु वाईपास एवं साँगा नाकामा आवश्यकता अनुसार अस्थाइ पशु क्वारेंटाइन स्थापना गर्न र आवश्यक कार्यका लागि टोलि परिचालन गरिने कार्यक्रम रहेको छ।

डा बंशी शर्मा
महानिर्देशक

डा. बंशी शर्मा
महानिर्देशक